नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्यूरो

फोनः ९८५१२८६७७०, ०१-४२१९०४४
Ext:
Email: cyberbureau @nepalpolice.gov.np
भोटाहिटी, काठमाण्डौ

मितिः २०७७-०९-०९ गते ।

# प्रेस विज्ञप्ती

## सामाजिक सञ्जालमा Fake ID, E-mail बनाई Porn Site मा अश्लिल भिडियो अपलोड गर्ने, महिलाहरुलाई अश्लिल सन्देश, तस्वीर पठाउने, यौन उत्पिडन एवं हैरानी गर्ने व्यक्तिहरु पक्राउ ।

मकवानपुर जिल्ला घर भई बैङ्कक, थाईल्याण्ड बस्ने पारिजात (नाम परिवर्तित) को अर्ध नग्न तथा नग्न तस्वीर, भिडियो पोर्न साईट समेतमा अपलोड गरेको भन्ने घटना तथा निवेदनको अनुसन्धानको क्रममा बिभिन्न फेक आई.डी. तथा ई-मेल बनाई बिद्युतीय उपकरण एवं ईन्टरनेटको दुरुपयोग गरी पिडित महिलाको अर्धनग्न, नग्न तस्वीर तथा भिडियो पोर्न साईट समेतमा अपलोड गर्नुको साथै ती तस्वीर तथा भिडियोहरु उक्त पोर्नसाईटहरुबाट हटाउनको लागि रकम ( $1098) माग गरी Blackmail गर्दै आफ्नै महिला साथीलाई यौन उत्पिडन दिने, Sex Extortion गर्ने, दु:ख हैरानी दिने कार्य गरी विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ बमोजिमको कसुर गरेको पाईएको हुँदा सम्मानित जिल्ला अदालत काठमाण्डौबाट पक्राउ अनुमती लिई जिल्ला मकवानपुर, हेटौडा उपमहानगरपालिका वडा नं. ४, पारिजात पथ वस्ने वर्ष ३६ को अस्लम अन्सारीलाई मिति २०७७/०९/०७ गते जिल्ला प्रहरी कार्यालय मकवानपुर समेतको सहयोगमा हेटौंडाबाट पक्राउ गरी थप अनुसन्धान भई रहेको छ ।

त्यसैगरी सामाजिक सञ्जाल फेसबुकमा ईन्द्रायणी (परिवर्तित नाम) को Fake ID बनाई निजको आफन्त तथा नजिकका साथीहरुलाई यौनजन्य, अश्लिल सन्देश तथा तस्विर पठाउने, यौनअश्लिलतायुक्त अनर्गल सामाग्री पोष्ट गरी अपमान गर्ने, हैरानी दिने कार्य गरी विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ बमोजिमको कसुर गरेको पाईएको हुँदा सम्मानित जिल्ला अदालत काठमाण्डौबाट पक्राउ अनुमती लिई जिल्ला गोरखा, सुलिकोट गाउँपालिका वडा नं. ५ बारपाक घर भई हाल ललितपुर गोदावरी नगरपालिका वडा नं. ११ चापागाउँ बस्ने बर्ष २० को रोलक वहादुर थापालाई मिति २०७७/०९/०७ गते पक्राउ गरी थप अनुसन्धान भई रहेको छ ।

**प्रवक्ता एवं सूचना अधिकारी**
(नविन्द अर्याल)
प्रहरी बरिष्ठ उपरीक्षक

***पुनश्चः-*** *अश्लिल तथा यौनजन्य सामाग्रीहरु कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतीय वा अन्य माध्यमहरुबाट प्रकाशन, प्रशारण वा प्रदर्शन गर्नु सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्दमा हुने, व्यक्तिलाई अपमान तथा हैरानी गर्ने, घृणा वा द्वेष फैलाई समाजमा विकृती विसंगती बढाउने हुदाँ कानूनद्वारा दण्डनीय भएकोले कसैले पनि त्यस्तो कार्यहरु नगर्न र नगराउनु हुन अनुरोध गरिएको छ ।*